## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८२ साल चैत्र २२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

**प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः १६/०८२**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | | २०८२ साल फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा निर्वाचित हुनुभएका प्रतिनिधिसभाका माननीय सदस्यज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यू र मन्त्रिमण्डलको मन्त्रीज्यूहरूलाई बधाई तथा कार्यसफलताको शुभकामना व्यक्त गर्ने । |
| २. | | बागमती प्रदेश सभाको सत्रौं अधिवेशन संवत् २०८२ साल चैत्र २४ गते मंगलबार दिनको ०४:०० बजे आह्वान गर्न नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने । |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश कृषि सेवा, एघारौं तहका श्री डा. गौरीमान श्रेष्ठ (क.सं.नं. १४६५९८)लाई निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०८२।११।०९ गतेदेखि लागू हुने गरी अनिवार्य अवकाश दिने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रशासकीय अदालतको मिति २०८२/०६/२९ को फैसला एवं बढुवा समितिको मिति २०८२/०९/०२ को सिफारिस बमोजिम मिति २०८१/०९/२९ गते देखि जेष्ठता कायम हुने गरी प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, अधिकृत एघारौं तहमा बढुवा नियुक्ति भई यातायात पूर्वाधार निर्देशनालय, हेटौंडामा पदस्थापन भएका श्री नविन कुमार सिंह (क.सं.नं.१८५५४८) लाई साबिकमा बढुवा नियुक्ति र पदस्थापन भए बमोजिम कायम हुने गरी पद मिलान गर्ने । |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सङ्घीय सरकारको अनुदानमा आ.व.०८३/८४ मा बागमती प्रदेशमा सञ्चालन हुने राष्ट्रिय योजना आयोगको अनलाइन प्रणालीमा प्रविष्ट भएका समपुरक र विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरू स्वीकृत गर्ने। |
| ६. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा नियमावली, २०८२ स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्को आगामी बैठकमा पेश गर्ने। । |
| ७. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आगामी सन् २०२६, मे १९-२२ (तदानुसार विक्रम संवत् २०८३ साल जेठ ५-८) सम्म फिलिपन्स, मनिलामा सञ्चालन हुने Asia and Pacific Transport Forum मा बागमती प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रदेश सचिव श्री ईश्वर चन्द्र मरहट्टालाई प्रदेश सरकारलाई थप आर्थिक भार नपर्नेगरी सहभागी हुन मनोनयन गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | | |
|---|---|---|
| ८. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बढुवा समितिको मिति २०८२/०९/२३ को निर्णय बमोजिम प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, अधिकृत एघारौं तहमा बढुवा सिफारिस भएका श्री राजु श्रेष्ठ (प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह, अधिकृत दशौं तहमा कार्यरत, क.सं.नं.१७६४०३)लाई मिति २०८२/१०/१५ गते देखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिई पूर्वाधार विकास कार्यालय, ललितपुरमा पदस्थापन गर्ने । |
| ९. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवाका देहाय बमोजिमका कर्मचारीहरूलाई अर्को व्यवस्था नभएसम्मको लागि तपसिल अनुसार जिम्मेवारी तोक्नेः-<br>(क) कृषि तथा पशुपन्छी मन्त्रालयको रिक्त प्रदेश सचिव पदको जिम्मेवारी त्यस मन्त्रालय अन्तर्गत कार्यरत मध्ये प्रदेश कृषि सेवाको सबैभन्दा जेष्ठ कर्मचारी श्री सुधिर श्रेष्ठलाई तोक्ने ।<br>(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको रिक्त प्रदेश सचिव पदको जिम्मेवारी (निमित्त प्रदेश सचिवको रुपमा) उक्त मन्त्रालयमा कार्यरत मध्ये सबैभन्दा जेष्ठ कर्मचारी श्री नुमानन्द अधिकारीलाई तोक्ने । |
| १०. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२ स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने । |
| ११. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल राजपत्रको भाग ५, खण्ड ७५, सङ्ख्या ६७, मिति २०८२/११/१८ मा प्रकाशित विक्रम संवत् २०८३ साल वैशाख १ गतेदेखि चैत्र मसान्तसम्म एक वर्षसम्म सरकारी तथा सार्वजनिक निकायका लागि नेपाल सरकार, गृह मन्त्रालयको सार्वजनिक बिदासम्बन्धी सूचनामा उल्लेखित विदाका अतिरिक्त देहाय बमोजिमका सार्वजनिक विदा घोषणा गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।<br>**१. बागमती प्रदेशभर लागु हुने सार्वजनिक विदा**<br>क. प्रदेश सरकारको सरकारी कामकाजको भाषा सम्बन्धी दिवस- बैशाख २४ गते विहिबार।<br>ख. गाईजात्रा- भदौ १३ गते शनिबार।<br><br>**२. सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक विदा हुने पर्वहरु**<br>क. न्वागी (छोनाम) पर्व- भदौ २२ गते सोमबार चेपाङ जातीले मनाउने। (बागमती प्रदेशका चितवन, मकवानपुर र धादिङ जिल्ला भर)।<br>ख. लदी पर्व- फागुन १८ गते मङ्गलबार (प्रत्येक वर्षको फागुन महिनाको तेस्रो मङ्गलबार बागमती प्रदेशभरका माझी समुदायका लागि मात्र)। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | | |
|---|---|---|
| १२. | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२" स्वीकृत गर्ने। |
| १३. | भौतिक पूर्वाधार विकास मन्त्रालय | बागमती प्रदेशमा जग्गा विकासका लागि विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| १४. | स्वास्थ्य मन्त्रालय | बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२ स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने । |
| १५. | स्वास्थ्य मन्त्रालय | बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२ स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने । |
| १६. | सामाजिक विकास मन्त्रालय | बागमती प्रदेश विश्वविद्यालयको (पहिलो संशोधन) विधान, २०८२ स्वीकृत गर्ने सम्बन्धमा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।